स्थानीय सरकार,शैलुङ गाउँपालिकाको गाउँसभा निर्णय सार्वजनिक प्रयोजन

२०८१ साल माघ २५ गतेको, दोस्रो अधिवेशनमा भएका निर्णयहरू

१. गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्किज्यूले प्रस्तुत गर्नु भएको  आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक स्वीकृत गर्ने

२. माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्किज्यूले प्रस्तुत गर्नु भएको  विनियोजन ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक स्वीकृत गर्ने

३.माथि छलफल गर्दा शैलुङ गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पार्वती कार्कीज्यूले प्रस्तुत गर्नु भएको तपसिल बमोजिमको आ.व. २०८१/०८२ को योजना, बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव स्वीकृत गर्ने

तपसिल

## शैलुङ गाउँपालिकाको गाउँसभाको सत्रौं अधिवेशनमा गाउँसभा समक्ष गाउँपालिका उपध्यक्षज्यूबाट प्रस्तुत आर्थिक आर्थिक वर्ष २०८१।८२ को बजेट, योजना तथा कार्ग्रमको संशोधन प्रस्ताव

**गाउँसभाका सदस्यज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलकको चौतर्फी विकासको आंकाक्षा पूरा गर्न नेपालको संविधान बमोजिम स्थानीय निर्वाचन पश्चात स्थानीय सरकारको दोस्रो कार्यकालको सुरुवातसँगै विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा शैलुङ वासीहरुको अमुल्य सुझावहरुको सहयोगमा तयार गरिएको शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को बजेट,योजना तथा कार्यक्रमको संशोधित प्रस्ताव यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु।

यस अवसरमा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मको विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।मुलुकको राजनीतिलाई संघीय शासन प्रणालीसहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस सम्मानित सभासमक्ष चालु आर्थिक वर्षको हालसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धिहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**गाउँपालिकाको आय व्ययको अवस्था :**

शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को कुल बजेट ६३ करोड १८ लाख ७१ हजार रहेको छ । जसमा चालु तर्फ ३६करोड ९० लाख ६९ हजार ९ सय रहेको छ भने पूँजीगत तर्फ २६ करोड २८ लाख १ हजार १सय रुपैया रहेको छ । क्षेत्रगत रुपमा बजेट विनियोजन हेर्दा आर्थिक विकास तर्फ ४ करोड ४२ लाख ८७ हजार ९ सय, सामाजिक विकास तर्फ ३३ करोड ४७ लाख ९२ हजार, पूर्वाधार विकास तर्फ १६ करोड ६९ लाख ५१ हजार १ सय, सुशासन तथा अन्तरसम्बन्धित तर्फ १ करोड ९४ लाख ८४ हजार र कार्यसंचालन तथा प्रशासनिक तर्फ ८ करोड ६३ लाख ५३ हजार विनियोजन भएको छ । चालु आ.व को पौष मसान्त सम्म आइपुग्दा गाउँपालिकालाई संघीय सरकारबाट समानीकरण अनुदान ५ करोड ५९ लाख, सशर्त अनुदान १० करोड ७१ लाख ४० हजार ५सय बीस गरी कुल १७ करोड ३७ लाख १६ हजार ५ सय २० प्राप्त भएको छ । त्यसैगरी बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान ५७ लाख ३ हजार, १७ सशर्त अनुदान ४९ लाख ७० हजार २सय ५० प्राप्ट भएको छ ।राजस्व बाँडफाट रु ३ करोड ४९ लाख ८ हजार ३४ र आन्तरिक स्रोतबाट रु २ करोड १९ लाख ३८ हजार ६२० गरी कुल २४ करोड १२ लाख ३६ हजार ४ सय २४ आम्दानी अर्थात कुल बजेटको ३८.१७% प्राप्त भएको छ ।

त्यसैगरी व्यय अन्तर्गत चालु तर्फ ११ करोड २७ लाख ७६ हजार २सय ९७ अर्थात ३०.५६% खर्च भएको छ भने पूँजीगत तर्फ १ करोड ९० लाख ६१ हजार २ सय ८ अर्थात ७.२५ प्रतिशत खर्च भएको छ ।चालु आ.व को पौष मसान्त सम्म चालु पूँजीगत गरी कुल १३ करोड १८ लाख ३७ हजार ५०५ अर्थात कुल बजेटको आधारमा २०.८६ प्रतिशत खर्च भएको छ भने कुल निकासको आधारमा ५४.६५ प्रतिशत खर्च भएको छ ।

शिक्षा युवा तथा खेलकुद :

- अनिवार्य विषय ( अङ्ग्रेजी गणित विज्ञान सामाजिक र नेपाली) का विषय गत शिक्षकहरुका लागि ३ दिवसिय प्रश्न विश्लेषण तथा पाठ्यक्रम प्रबोधिकरण सम्बन्धी तालिम सञ्चालन गरिएको ।९५ जना शिक्षकको सहभागिता रहेको जसमा ५ लाख ५८ हजार रुपैया खर्च भएको । जसबाट शिक्षकहरुमा प्रश्न विश्लेषण गर्ने ज्ञान, सिप, क्षमतामा बृद्धि भइ व्यवहारमा रुपान्तरण भएको छ ।
- विद्यालयको बजेट निर्माण गरी विद्यालय लेखाङ्कण प्रणाली(SAS) मार्फत बजेट कार्यान्वयन गर्नका लागि सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक र माध्यमिक विद्यालयका विद्यालय सहायक(लेखापाल) हरुका लागि २ दिने विद्यालय बजेट निर्माण तथा सार्वजनिक खरिद व्यवस्थाप सम्बन्धी तालिम सञ्चालन गरिएको । जसबाट विद्यालयले

आफ्नो विद्यालयको आफ्नो बजेट SAS प्रणाली मार्फत तयार गरी खर्च गर्ने प्रणालीको विकास हुनुको साथै विद्यालयको खर्चमा वित्तीय सुशासन कायम गर्न मद्धत पुगेको छ। जसमा ४१ जनाको सहभागिता रहेको , १ लाख ६५ हजार खर्च भएको छ।

- विद्यालय लेखाङकण प्रणाली कार्यान्वयनका लागि माध्यमिक विद्यालयका प्रअ तथा विद्यालय सहायकहरुको लागि पहिलो चरण र आधारभुत विद्यालयका प्रअ हरुको लागि दोस्रो चरणमा गरि २ दिवसिय SAS कार्यान्वयन तालिम सञ्चालन गरिएको। २ चरणमा गरी ४२ जनाको सहभागिता रहेको। १ लाख ३० हजार खर्च भएको।
- शैक्षिक वर्ष २०८० मा उत्कृष्ट सिकाई उपलब्धीहासिल गर्ने विद्यार्थी , विद्यालय तथा उत्कृष्ट सिकाई उपलब्धी ल्याउन सहयोग गर्ने शिक्षक/ शिक्षिका लागि सम्मान कार्यक्रम आयोजना गरिएको। २२ जना शिक्षक , १७ जना विद्यार्थी र ५ वटा विद्यालय पुरस्कृत गरिएको ।जसबाट आगमी दिनमा समेत उत्कृष्ट नतिजा हासिल गर्न शिक्षक, विद्यार्थी र विद्यालय थप उत्प्रेरित भएको छ। जुन कार्यक्रममा ३ लाख ५० हजार खर्च भएको।
- विज्ञान दिवसको अवसरमा माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी तथा जिल्लाभरका माध्यमिक विज्ञान शिक्षकहरुको सम्मेलन गरिएको। ८ वटा विद्यालय र ६७ जना विज्ञान शिक्षक सहभागि भएको। ८५ हजार खर्च भएको।
- शैलुङ गाउँपालिका स्तरिय छैठौँ राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न भएको । ९ वटा माध्यमिक विद्यालय सहभागि भएको। जसबाट विद्यार्थीको प्रतिभा पहिचान भएको छ जसमा ९ लाख १३ हजार खर्च भएको।
- विद्यालयको कक्षा १ देखि १२ सम्मको प्रथम त्रैमासिक परीक्षा सञ्चालन गरेको , प्रश्नपत्र छपाई गरि विद्यालयलाई वितरण गरेको खर्च १ लाख ९७ हजार खर्च भएको छ।
- स्थानीय पाठ्यक्रम तथा १-३ को आन्तरिक मुल्याङ्कन फारम छपाईका लागि कोटेशन माग गरी सम्झौता सम्पन्न भएको छ।
- प्रति विद्यार्थी लागतका आधारमा सिकाई अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको रकम निकाशा गरिएको ।दिवा खाजाको संघीय कार्यक्रमको ६० दिनको रकम निकाशा गरेको ।प्रथम किस्ता शिक्षक तलब भत्ता समयमानै निकाशा गरेको।
- सिकाई आपुरण तथा द्रुत सिकाई योजना Real plan को कार्यान्वयनका लागि विद्यालय छनोट भई कार्यान्वयन भएको।

स्वास्थ्य शाखा:

- स्वास्थ्य कार्यक्रमको मासिक समिक्षा बैठकमा शैलुङ गाउँपालिका अन्तर्गत रहेका १० वटा संस्थाका स्वास्थ्य चौकी प्रमुखहरुको उपस्थितमा प्रत्येक महिनाको ७ गते मासिक समिक्षा गरी स्वास्थ्यका सूचकहरु DHIS2 मा प्रविष्ट गरी विवरण अद्यावधिक गरिएको छ ।
- स्तनपान सप्ताह अन्तर्गत गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा AUG 1देखि AUG 7 सम्म स्तनपानमा समानाता सबैको सहयोग र सहभागिता भन्ने मुल नाराका साथ विश्व स्तनपान दिवस मनाइएको छ । जसबाट आम नागरिकमा स्तनपानको महत्व र यसले बालबालिकाको स्वास्थ्यमा पर्ने प्रभावका बारेमा आमनागरिकमा जनचेतना वृद्धि भएको छ ।
- जनैपूर्णिमाको दिन शैलुङ क्षेत्रमा लाग्ने धार्मिक मेलामा स्वास्थ्य शिविर संचालन गरी ६१ जना भक्त जनहरुलाई प्राथमिक उपचार सेवा प्रदान गरिएको छ । गाउँपालिकाको सबै विद्यालयमा १० देखि १९ वर्षका ७३२ जना किशोरीहरुलाई श्रावण, भाद्र, असोज महिनामा हप्तामा १ चक्की आइरन फोलिक एसिड खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ ।
- धुलिखेल अस्पताल दोलखा र तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, दोलखा लायन्स क्लबको संयुक्त आयोजनामा १ दिने निशुल्क स्वास्थ्य शिविर संचालन गरी जसमा दन्त सेवा ५६ हाडजोर्नी ५१ नाक कान ३९ स्त्री रोग १० आँखा २१६ र अन्य रोग १२५ गरी ३१७ जना महिला र १८० गरी पुरुष गरी कुल  ४७९ जना बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- भाद्र १३ र १४ गते शैलुङ गाउँपालिका अन्तर्गत रहेका १० वटा स्वास्थ्य संस्थाका स्वास्थ्य संस्था प्रमुखहरु जनप्रतिनिधि ज्यूहरु तथा जनस्वास्थ्य कार्यालयको प्रतिनिधिको समुपस्थितिमा स्वास्थ्य कार्यक्रमहरुको आ.व.२०८०/०८१ को वार्षिक समिक्षा तथा २०८१/०८२ को योजना तर्जुमा गोष्ठीमा सम्पन्न  गरिएको छ ।
- मासिक रुपमा १० वटा स्वास्थ्य संस्थाहरु बाट आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) संकलन गरि eLMIS सफ्टवेयरमा तथ्यांकलाई प्रविस्ट गरिएको जसबाट औषधि प्राप्त ,खर्च,निकासा,तथा हालको मौज्दातमा रहेको जानकारी प्राप्त भई आगामी दिनमा औषधि खरिदमा सहजता कायम हुने विश्वास रहेको छ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधि तथा सामग्रीहरुको e-Bid मार्फत खरिद प्रक्रिया आगाडि बढाईएको छ ।
- २०८१ भाद्र ३१ गते जिल्ला प्रशासन कार्यालय, सुरक्षाका ३ वटा निकाय र गाउँपालिकाको समन्वय र सहकार्यमा जनप्रतिनिधि ,स्वास्थ्य कर्मी विधार्थीहरु लगायत सरोकारवालाहरु संग  लागूऔषध नियन्त्रण सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम अन्तर्गत दुधपोखरी स्वास्थ्य चौकी शैलुङ-१,भुषाफेदा  स्वास्थ्य चौकी शैलुङ-२ ,शैलुङ अस्पताल शैलुङ-३ मागापौवा स्वास्थ्य चौकी शैलुङ-४ काटाकुटी स्वास्थ्य चौकी शैलुङ-५,फस्कु स्वास्थ्य

चौकी शैलुङ-७,फस्कु आ.स्वा.के. शैलुङ-६ ,र शैलुंगेश्वोर स्वास्थ्य चौकी शैलुङ-८ मा गरि जम्मा ५० जना गर्भवती महिलाहरुको भिडियो एक्सरे गरि आवश्यक सल्लाह सुझाब प्रदान गरिएको जस बाट आमा र बच्चामा हुने स्वास्थ्य समस्याहरु समयमै पहिचान भएको छ।

- मिती २०८१/०७/१२ र २०८१/०७/१३ गतेका दिन शैलुङ ०८ मा शैलुङ गाउँपालिका, शैलुङ गाउँपालिका वडा नं ०८ ,फाईटर फर लाईफ,नेपाल लायन्स कलब अफ काठमान्डौ टेम्पल भ्याली क्योकोशिन कराँते,लायन्स क्लब अफ काठमान्डौ शेष्मति तथा लायन्स क्लब अफ काठमान्डौ गौरीशंखरको आयोजना तथा माट्रीका आई सेन्टरको,पुरानो बानेश्वोरको प्राविधिक सहयोगमा नि : शुल्क आखा शिविरमा ५३० जनाले सेवा लिनु भएको थियो जसमध्ये ३३ जना पुरुष र २५ जना महिला गरि जम्मा ५८ जनालाई मोतियाबिन्दुको सल्यक्रिया को सेवा लिनु भएको थियो।
- मिति २०८१/०७/२७ गतेका दिन विश्व स्वास्थ्य संगठन र शैलुङ गाउँपालिकाको संयुक्त आयोजनामा यस गाउँपालिका अन्तर्गत रहेका जनप्रतिनिधि र स्वास्थ्यकर्मी गरि जम्मा ३० जना कर्मचारीहरुलाई आत्महत्या रोकथाम तथा न्यूनीकरण सम्बन्धी कार्यक्रम सम्पन्न गरेको जसवाट समाजमा हुने मानसिक स्वास्थ्य समबन्धी समस्या आत्महत्या जस्ता अन्य घटनाको अन्त्य गर्न सहज भएको छ।
- पहिलो त्रैमासिकमा ४८ जना क्यान्सर रोगि ४ जना मृगौला प्रत्यारोपण गरेका ९ जना डायलासिस गरिरहेका र २ जना मेरुदण्ड पक्षाघात भएका गरि जम्मा ६३ जना दिर्घ रोगीहरुलाई पालिका बाट मासिक ५००० का दरले जम्मा जम्मा रु ९१००००(नौ लाख दस हजार ) उपचार खर्च भुक्तानी गरिसकिएको छ ।
- शैलुङ गाउँपालिकाका सबै वडामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविक द्वारा ६ महिना देखि ५ वर्ष सम्मका सबै बालबालिका हरुलाई भिटामिन ए, अल्बेन्डा जोल र बाल भिटा वितरण गरि सबै बालबालिकाको पाखुराको नाप लिने कार्य सम्पन्न गरिएको छ।
- मंसिर १० र ११ गते शैलुङ गाउँपालिका अन्तर्गत रहेका १० वटा स्वास्थ्य संस्थाका स्वास्थ्य संस्था प्रमुखहरु जनप्रतिनिधि ज्यूहरु तथा जनस्वास्थ्य कार्यालयको समुपस्थितमा पोषण कार्यक्रमहरुकोआ.व.२०८०/०८१ को वार्षिक समिक्षा तथा २०८१/०८२ को योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको छ।
- सबै स्वास्थ्य संस्था हरुको न्युनतम सेवा मापदण्ड (MSS ) सम्बन्धि अभिमुखीकरण तथा फलोअप कार्यक्रम सम्पन्न गरेको ८० % स्वास्थ्य संस्थारुले MSS मा ८० % भन्दा उत्कृष्ट नतिजा हासिल गरेका जसवाट बिगतमा भएका समस्या तथा चुनौतीहरुलाई पार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै सेवाको पहुच बढेको छ।
- २१ औं रास्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिवश२०८१ मंसिर २० गते( 5 th December 2024 ) "विविध स्वास्थ्य क्रियाकलापमा महिला स्वास्थ्य स्वयम् सेविकाको भूमिका स्वास्थ्य समाज निर्माणमा सहभागिता भन्ने मूल नाराका साथ सम्पन्न विभिन्न प्रतियोगितात्मक कार्यक्रम शैलुङ गाउँपालिका र जनस्वास्थ्य कार्यालय दोलखा द्वारा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका योगदानलाई उच्च मुल्यांकन गर्दै रु ५०००/- र प्रमाण पत्र प्रदान गरि दिवस मनाइएको।

- शैलुङ गाउँपालिका अन्तर्गत रहेका १० वटा स्वास्थ्य संस्थाका स्वास्थ्य चौकी प्रमुखहरुको जनप्रतिनिधि ज्यूहरु तथा जनस्वास्थ्य कार्यालयको समुपस्थितमा क्षयरोग कार्यक्रमहरुको आ.व.२०८०/०८१ को वार्षिक समिक्षा तथा २०८१/०८२ को योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको छ।
- जनस्वास्थ्य कार्यालय दोलखा र बागमती प्रदेश संग समन्वय गरि जम्मा ३ जना कर्मचारीहरुलाई नवजात शिशु उपचार तथा व्यवस्थापन सम्बन्धी तालिम ३ जनालाई आँखा नाक कान् घाँटी, ३ जनालाई स्तरीय उपचार पद्धती तालिम, महामारी फैलिएको अवस्थामा कसरि काम गर्ने भन्ने विषयमा २ जनालाई SORMAS तालिम एकजना नर्सिंङ कर्मचारीलाई २ महिने दक्ष प्रसूति तालिम, एक जना सामन्य चिकित्सक लाई बिरामी उपचार र व्यवस्थापन सम्बन्धी MLP तालिम प्रदान गरियो जसबाट दक्ष जनसक्ति उत्पादन गर्नुका साथै समयमा गुणस्तरीय सेवा प्रदान गर्न सहज भएको छ।
- चालु आ. बको हालसम्मको अवधिमा १० वटा स्वास्थ्य सस्थामा सेवा लिने सेवाग्राही मध्ये नया सेवाग्राही जम्मा ८,६४९ जना र जम्मा सेवाग्राही ११,९८७ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको जसमध्य, उक्त रक्तचाप : ९५ मधुमेह :२५ दम : ४४ ,र मानसिक स्वास्थ्य सम्बन्धी १३ जनालाई स्वास्थ्य सेवा तथा उपचार प्रदान गरिएको।
- मिति २०८१/०९/२१ - २०८१/९/२३ गते सम्पूर्ण स्वास्थ्य चौकीका २३ जना स्वास्थ्य कर्मीहरुलाई e-LIMS सम्बन्धि तालिम संचालन गरेको जस बाट प्रत्येक महिना स्वास्थ्य संस्थामा प्राप्त औषधि र खपत औषधि का साथै नपुग औषधि समेत पालिका जिल्ला र केन्द्र बाट सजीलै हेर्न र सोहीअनुसार व्यवस्थापन गर्न सहज हुने भएको छ।
- २०८१ श्रावण १ देखि २०८१ पौष मसान्त सम्म जम्मा क्यान्सर रोग-१० जना, मृगौला रोग - ५ जना , स्पाइनल इन्जुरी-१ जना , मुटु रोग -९ जना ,हेड इन्जुरी -१ जना ,प्लास्मो साइटोमा-१ जना गरि जम्मा २७ जनालाई बिरामीहरुका लागि थप नेपाल सरकार द्वारा पाउने थप नि: शुल्क उपचार्थ सेवाका लागि सिफारिस प्रदान गरिएको छ।
- २०८१ श्रावण १ देखि २०८१ पौष मसान्त सम्म जम्मा क्यान्सर रोग-१० जना, मृगौला रोग - ५ जना , स्पाइनल इन्जुरी-१ जना , मुटु रोग -९ जना ,हेड इन्जुरी -१ जना ,प्लास्मो साइटोमा-१ जना गरि जम्मा २७ जनालाई बिरामीहरुका लागि थप नेपाल सरकार द्वारा पाउने थप नि: शुल्क उपचार्थ सेवाका लागि सिफारिस प्रदान गरिएको छ।
- पाठेघरको मुखको क्यान्सर विरुद्ध ए,च.पि.भी खोप अभियानको जिल्ला स्तरीइ अभिमुखिरण कार्यक्रम उपस्थित भई माघ २२ गतेबाट माघ २५ गते सम्म संचालन हुने एच.पि भि.खोप अभियानको लागि यस गाउँपालिका अन्तर्गत रहेका खोप दिने २३ जना स्वास्थ्यकर्मी , ३० जना पालिका स्तरीय खोप समन्वय समितिका पदाधिकारी,वडा स्तरीय ८० जना खोप समन्वय समितिका पदाधिकारी र १५१ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई अभिमुखीकरण कार्यक्रम सु -सम्पन गरियो जसबाट पाठेघरको मुखको क्यान्सर विरुद्ध विद्यालयमा अध्ययनरत ६-१० कक्षा सम्मका छात्रा र विद्यालय भन्दा बाहिरको १०-१४ बर्षका छात्राहरुले यो खोप लगाई दीर्घकालीन क्यान्सर रोगबाट सुरक्षित र सुनिश्चत हुने विश्वास लिइएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक/बजार अनुगमन/उद्योग शाखा:

- शैलुङ गाउँपालिकाको मुख्य बजार क्षेत्रहरुमा बजार अनुगमन गरिएको, बाघखोर बजार, ढुङ्गे बजार, कालापानी बजार, भैसे बजार, लाम्चे आहाल बजार अनुगमन गरिएको र अनुगमनका क्रममा दर्ता नभइ व्यवसाय सञ्चालन तथा नविकरण गर्न बाँकी पसलहरुलाई दर्ता तथा नविकरण प्रकियामा आउन निर्देशन दिइएको,
- महिला हिँसा सम्बन्धी १६ दिने अभियान वडागत रुपमा विद्यालयसँग सहकार्य गरी सम्पन्न गरिएको र सो कार्यक्रममा विद्यार्थी, शिक्षक, विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको र सो कार्यक्रम अन्तरक्रियात्मक रुपमा सम्पन्न भएको,
- अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम CBR को लागि प्रस्ताव आह्वान गरिएको
- अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्र स्थापनाको लागि प्रस्ताव आह्वान गरिएको,
- वडामा रहेका अपाङ्ग व्यक्तिहरुको परिचयपत्र वितरण कार्यक्रम वडागत रुपमा सम्पन्न गरिएको जसमा २२ जना अपाङ्ग व्यक्तिहरु नयाँ परिचयपत्र प्राप्त गरेका
- बाबु आमा विहीन बालबालिका संरक्षण कार्यक्रम गाउँपालिकाका २० जना बाबुआमा विहीन बालबालिका लाभान्वित भएको,
- त्यसै गरी १५ वटा नयाँ व्यवसाय दर्ता भएको छ भने १५० वटाको नविकरण गरिएको छ।
- ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत हाल सम्म १६ जनाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ।
- त्यसैगरी गाउँपालिकामा दर्ता भएका सहकारीसहरुसँग लेखापरीक्षण प्रतिवेदन, साधारण सभा प्रतिवेदन तथा कर चुक्ताका विवरणहरु संकलन गर्ने कार्य भइरहेको छ।

राजस्व शाखा:

- शैलुङ गाउँपालिकाको आर्थिक ऐन, २०८१ ले निर्धारण गरेका करको दायरा भित्र रही कर तथा गैर कर राजस्व वापत हाल सम्म रु ३० लाख ३३ हजार ५सय ६५ रुपैयाँ संकलन गरेको छ। जसमध्ये शैलुङ गाउँपालिकाबाट रु ७,३८,८८८, वडा नं १ कार्यालयबाट रु १,५५,२१०, वडा नं २ कार्यालयबाट १,९१,४३२, वडा नं ३ कार्यालयबाट ३,८५,१४३, वडा नं ४ कार्यालयबाट ३,५६,९६४, वडा नं ५ कार्यालयबाट १,९७,००५, वडा नं ६ कार्यालयबाट २,५०,३२३, वडा नं ७ कार्यालयबाट रु ३,७१,३९५ वडा नं ८ कार्यालयबाट रु ३,८७,२०१ संकलन गरिएको छ। २०८१ माघ १ गतेबाट शैलुङ अस्पतालबाट प्रदान गरिने सेवामा पनि सेवा शुल्क लिइ संकलन कार्य अगाडी बढाइएको छ।

पशु विकास :

(कुल विनियोजन १ करोड ३६ लाख ७२ हजार, खर्च: ६ लाख ५५ हजार ९ सय त्रिपन्न)

- रेबिज खोरेत तथा अन्य रोग बिरुद्द खोप लगाउने कार्यक्रम अन्तर्गत सबै वडामा गाई,भैंसी,तथा बंगुरमा खोरेत ,लम्पी स्किन बिरुद्द खोप लगाउने कार्यक्रम अन्तर्गत यस आ.व मा ७०० पशुलाइ साउन/भाद्रमा लम्पी स्किन बिरुद्द खोप लगाईएको र पुन चैत्र महिनामा खोप लगाउन आवश्यक तयारी भइरहेको छ। यहि माघ २४ गते देखि ३० गते सम्म भेडा /बाख्रा मा लाग्ने पी.पी.आर रोग विरुद्द सप्ताह ब्यापी रुपमा भेडा बाख्रामा खोप लगाई कार्यक्रम सम्पन्न गर्ने तयारी भइरहेको छ यस कार्यक्रम बाट पशुहरुलाइ भाइरस जन्य रोग बाट बचाउन सफल भइनेछ भन्ने विश्वास लिइएको छ।
- पशुपन्छीका लागि औषधि खरिद तथा ढुवानी कार्यक्रम अन्तर्गत पशुपन्छीका लागि आवश्यक औषधि खरिद गर्न टेन्डर आव्हान गरि सम्पूर्ण प्रक्रिया पुरा भइ सम्झौता हुने चरण मा रहेको छ। साथै वडाहरुमा पशुपन्छी को निशुल्क उपचार सेवा समेत प्रदान गरेको छ ।यस कार्यक्रम बाट पशुपन्छी पाल्ने निर्वाहमुखी किसानहरुको पशु धनको सुरक्षामा टेवा पुगेको छ।
- एकीकृत पशुपन्छी विकास प्रवर्दन कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका प्रत्यक वडा मा प्रति वडा १०/१० लाख बराबरको कार्यक्रम कार्यान्यिन गर्ने लक्ष्य अनुरुपका कार्यक्रमहरु कार्यविधि निर्माणका सम्पन्न गरि सूचना प्रकाशन गर्ने तयारीमा रहेको छ।
- एक घर एक गाई गाई पकेट कार्यक्रम अन्तर्गत वडा नम्बर ५ को लागि सूचना प्रकाशन गरि लाभान्वित व्यक्तिहरु फिल्ड भेरिफिकेसन गरि छनौट प्रक्रियामा रहेको छ ।यस कार्यक्रममा वडा नम्बर ५ मा लाइ गाई पकेट क्षेत्र घोषणा गरि दुध उत्पादनमा आत्मनिर्भर बनाई कृषकहरुको आयश्रोत बढाउने लक्ष्य साथ् आवश्यक प्रक्रिया अगाडी बढिरहेको छ ।
- वडा १०/१० लाख बराबरको कार्यक्रम कार्यान्यिन गर्ने लक्ष्य अनुरुपका कार्यक्रमहरु कार्यविधि निर्माणका सम्पन्न गरि सूचना प्रकाशन गर्ने तयारीमा रहेको छ।
- एक घर एक गाई गाई पकेट कार्यक्रम अन्तर्गत वडा नम्बर ५ को लागि सूचना प्रकाशन गरि लाभान्वित व्यक्तिहरु फिल्ड भेरिफिकेसन गरि छनौट प्रक्रियामा रहेको छ ।यस कार्यक्रममा वडा नम्बर ५ मा लाइ गाई पकेट क्षेत्र घोषणा गरि दुध उत्पादनमा आत्मनिर्भर बनाई कृषकहरुको आयश्रोत बढाउने लक्ष्य साथ् आवश्यक प्रक्रिया अगाडी बढिरहेको छ ।
- गाइ भैंसी सुत्केरी पोषण कार्यक्रम अन्तर्गत आ.व.२०८०/०८१ मा गाउँपालिका भित्रका वडा नम्बर ५,६ र ७ मा गरि १२० जना कृषकले रु. २५०० का दरले गाई भैंसी सुत्केरी पोषण कर्यक्रमबाट सेवा प्राप्त गरेका छन् ।भने थप ३०० जना कृषकहरुको आवेदन प्राप्त भइ भुक्तानी हुने चरणमा छ।

- आकष्मिक रोग नियन्त्रण कार्यक्रम अन्तर्गत पशुपन्छीको लागि आवश्यक औसधि खरिद गरि कार्यक्रम सम्पन्न गरिएको छ यस कार्यक्रम बाट बेला बखत देखा पर्ने पशुपन्छीहरुको महामारी जन्य रोग लाइ केहि हदसम्म नियन्त्रण गर्न सफल भएको छ।
- पशुपन्छी ल्याब ब्यबस्थापन कार्यक्रम अन्तर्गत पशुपन्छीमा देखापर्ने विभिन्न रोग हरुको पहिचान गर्न आवश्यक सामग्रीहरु खरिद प्रकृयामा रहेको र यस बाट सम्पूर्ण वडा हरुमा देखिने थुनेलो,गोबर परिक्षण,रक्त परजीबी परिक्षण, विभिन्न रोग हरुको नमुना संकलन लगायतका क्रियाकलापहरु कृषकहरुलाइ प्रदान गरिने छ।
- रेबिज खोप कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा यस वर्ष ४९२ ओटा घरपालुवा तथा छाडा कुकुर हरुमा रेबिज खोप कार्यक्रम सम्पन्न भयको छ साथ बिद्यालय स्तरमा रेबिज सम्बन्धि जनचेतनामुलक कार्यक्रम गरि यस कार्यक्रम सम्पन्न भएको छ यस कार्यक्रम बाट रेबिज रोग नियन्त्रण गर्न मद्धत पुग्नेछ ।
- माछा प्रवर्दन कार्यक्रम अन्तर्गत वडा नम्बर २ मा यस कार्यक्रम कार्यन्वयन गर्न सूचना प्रकाशन गरि छनौट प्रक्रिया मा रहेको छ यस कार्यक्रम बाट माछाको उप्पादनमा वृद्धि हुनुको साथै आयश्रोतमा समेत टेवा पुग्ने छ।
- पशुपन्छी विमा कार्यक्रम अन्तर्गत यस आ.वमा स :शुल्क गाइ/भैंसी ४४ ओटा भेडा ७४ ओटाको बिमा गरिएको र यस कार्यक्रम बाट किसानहरुको पशुधनमा हुने क्षतिलाइ प्रतिस्थापन गर्ने लक्ष्य रहेको।
- सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम तथा नियन्त्रण कार्यक्रम अन्तर्गत सामुदायिक तथा छाडा कुकुरहरु वडा नम्बर २,३,४,५,का ७५ ओटामा बन्ध्याकरण गरि कुकुरको संख्या नियन्त्रण गर्ने कार्य सम्पन्न भएको छ ।

कृषि विकास :

- प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा नँया तरकारी पकेट विकास कार्यक्रम कार्यन्वयन गर्न सूचना प्रकाशन गरि लाभान्वित व्यक्तिहरुको फिल्ड भेरिफिकेसन गरि छनौट प्रक्रियामा रहेको छ र यस कार्यक्रमबाट किसानहरुलाई व्यावसायिक तरकारी खेतिमा प्रोत्साहन गर्न र आर्थिक रुपमा बलियो मदत पुग्नेछ।
- किसान सूचिकरण कार्यक्रम अन्तगर्त यस आ.व. मा किसानहरुलाई प्रविधिको दायराभित्र ल्याउनको लागी किसान सूचिकरण सहजकर्ताबाट वडा ५,६,र ७ नंम्बरमा सूचिकृत गर्दै गरिएको छ।
- मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नम्बर ०७ मा यस कार्यक्रम कार्यन्वयन गर्न सूचना प्रकाशन गरि छनौट प्रक्रियामा रहेको छ । यस कार्यक्रमबाट महको उत्पादनमा वृद्धि हुनुको साथै तरकारी तथा फलफूलको उत्पादनमा समेत वृद्धि हुने हुनाले किसानहरुको जीवनस्थर राम्रो बनाउन टेवा पुग्नेछ।

- तोरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नम्बर ०५ मा यस कार्यक्रम कार्यान्वयनको लागि तोरीको बिउ वितरण गरि कार्य सम्पन्न भइसकेको छ । यस कार्यक्रमले तेल उत्पादनमा टेवा पुराउनुको साथै त्यस क्षेत्रमा रहेको मौरिपालनमा समेत सहयोग गरेको छ ।
- कृषि सामग्री खरिद कार्यक्रम अन्तर्गत सबै वडा कार्यालयमा कार्यरत कृषि प्राविधिकहरुको क्षमता विकास गरी निजहरुले प्रवाह गर्ने सेवामा गुणस्तरीएता कायम गर्दै समग्र शैलुङ गाउँपालिकाको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि पेशालाई व्यावसायिक बनाउन आवश्यक सामग्रीहरु खरिद प्रक्रियामा रहेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम:

- आ.ब. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यस्थापन सूचना प्रणाली मा सूचीकृत बेरोजगार संख्या १०५१ रहेको छ । यस कार्यक्रमको लागि सडक सोलिङ,सिंढी निर्माण र शिव मन्दिर तथा चौतारो निर्माण सँग सम्बन्धीत कूल १३ वटा आयोजनाहरुमा रु.३४,३२,०००/-बजेट बिनियोजन भएको छ ।सबै आयोजनाहरुसँग योजना सम्झौता भई हाल कार्यन्वयनमा रहेका छन् ।
- आ.व.२०८१/०८२ मा ४० दिनको सीप विकास तथा १० दिनको जिवनोपयोगी तालिमको लागि रु.१३,६८,०००/- बजेट विनियोजन भएको छ,भने उक्त तालिम संचालनको लागि बोलपत्र मार्फत सेवाप्रदायक छनौट भएको छ ।भने उक्त तालिम आठै वटा वडा बाट बेरोजगारमा सुचिकृत मध्येबाट ४० जना छनौट गरि फागुन २०८१ देखि तालिम संचालन हुनेछ ।

योजना/पूर्वाधार शाखा :

यस शैलुङ गाउँपालिकाबाट आ. ब. २०८१/८२ मा सञ्चालन गर्नेगरी सडक पूर्वाधार, खानेपानी, सिंचाई व्यवस्थापन, विद्यालय भौतिक व्यवस्थापन समेत गरी १४७ वटा आयोजनाहरु स्वीकृत गरिएको थियो । गाउँपालिकाले रु १० लाख भन्दा माथिका आयोजनाहरु ठेक्का प्रक्रियाकाट कार्यान्वयन गर्ने र १० लाख भन्दा कम बजेटका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने नीति लिए अनुसार यस वर्ष उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना संख्या १०९ रहेको र ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने आयोजना संख्या ३८ रहेको छ । यसैगरी विभिन्न मितिमा गाउँपालिकाबाट स्वीकृत भएका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनाहरु समेत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना संख्या १२४ रहेको छ । उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने ९८ वटा आयोजना सम्झौता भएकोमा १३ वटा आयोजनाहरु सम्पन्न भएका मध्ये ४ वटा आयोजनाको भुक्तानी भएको छ । सम्पन्न भएका आयोजनाहरु मध्ये बाँकी ९ वटा आयोजना

भुक्तानीको प्रक्रियामा रहेको छ भने सम्झौता भएका अन्य आयोजनाहरु कार्यान्वयन भै रहेका छन् । सम्झौता हुन बाँकी योजनाको संख्या ३५ रहेको छ जसमध्ये अधिकांश योजना हिउँदे गाउँसभाबाट संशोधन हुने खालका रहेको अवस्था रहेको छ।

गत वर्ष सम्झौता भएका झोलुङ्गे पुल क्रमागत कार्यक्रम तर्फका ३ वटा झोलुङ्गे पुलको यस वर्ष कार्य सम्पन्न भै भुक्तानी भएको छ। त्यसैगरी गत वर्ष सम्झौता भएको हुलाके हिले गोचेत गाउँपालिका सडकको समेत यस वर्ष कार्य सम्पन्न भै भुक्तानी भएको छ। यस प्रकार हेर्दा यस वर्ष हाल सम्म गाउँपालिकाले पूर्वाधार निर्माण तर्फका १० वटा आयोजनाहरुको कार्य सम्पन्न गरी भुक्तानी गरिसकेको छ भने कार्य सम्पन्न भएका अन्य आयोजनाहरुको पनि प्रतिवेदन तयारी बिल भरपाई तयारी लगायतका काम भै रहेकोले छिट्टै भुक्तानी हुने अवस्थामा रहेको छ।

योजना कार्यान्वयन अघि योजना तथा अनुगमन शाखाले उपभोक्ता समितिलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ भने समयमा नै उपभोक्ता समितिसँग योजना सम्झौता कार्य सम्पन्न गर्नको लागि वडा वडामा योजना सम्झौता शिविर समेत सञ्चालन गरेको छ।

यस आ.व ०८१।०८२ पौष मसान्त सम्म पूर्वाधार योजना संग सम्वन्धित विभिन्न शिर्षक अन्तर्गत NCB works ,NCB goods र Sealed Quotation works गरि ३४ ओटा ठेक्का लगाउने कार्य सम्पन्न भईसकेको छ।

NCB works अन्तर्गत:

(क) सडक (५):

1. बाघखोर कोभिड अस्पताल स्तरोन्नति ,शैलुङ -३ बजेट (२५ लाख) ठेक्का सम्झौता रु.१६,५०,८०८.०२
2. टुडिखेल गोठपानी सडक,शैलुङ -७,बजेट (२३ लख)- ठेक्का सम्झौता रु.१३,५८,३९३.६०
3. कल्लावारी ग्योई कोलमखान वडा कार्यालय जुगे सडक ,शैलुङ -१ बजेट (२० लख ५० हजार ) ठेक्का सम्झौता रकम रु. १३,३७,४२१.४०
4. कुवा हिले विर्ता भकारे सडक ,शैलुङ -४ ,बजेट (२ करोड समपुरक अनुदान) ठेक्का सम्झौता रकम रु.१,०४,३९,३५४.४१
5. टुडिखेल गोठपानी सडक ,शैलुङ -७ ,बजेट (२ करोड समपुरक अनुदान) ठेक्का सम्झौता रकम रु.१,०२,४४,०७८.५१

(ख) खानेपानी(५):

१. पोर्साब खानीगाउँ मालिघ्यांग पसल टोल खानेपानि आयोजना ,शैलुङ -२, बजेट(२ करोड विशेष अनुदान) ठेक्का सम्झौता रकम रु.१,०४,८४,८६१.३४
२. प्याथर खोला खानेपानी आयोजना ,शैलुङ-६ ,बजेट (२७ लाख ५० हजार) ठेक्का सम्झौता रकम रु.१७,७३,७५५.१५

३. थलथले सिम खानेपानी आयोजना ,शैलुङ -३,बजेट (२७ लाख ५० हजार) ठेक्का सम्झौता रकम रु.१८,८६,८६९.२१
क्रमागत आयोजना

४. बाघेओडार पाखाटोल खानेपानी आयोजना ,शैलुङ-३, बजेट (समपुरक अनुदान आ.व ०७९.०८०) ठेक्का सम्झौता रकम रु.१,८१,३४,९६९.२१

५. गोल्मोखोला दुधपोखरी कल्लावारी खानेपानी आयोजना ,शैलुङ-१ ,बजेट (विशेष अनुदान आ.व ०७९.८०)ठेक्का सम्झौता रकम रु. ५,५०,२४,७८१.४८

(ग) भवन(२)

१. गोठपानी सामुदायिक भवन निर्माण ,शैलुङ-६,बजेट (२५ लाख) ठेक्का सम्झौता रकम रु.१६,१०,८९९.५६

२. शैलुङ आधारभूत स्वास्थ्य सेवा केन्द्र (प्रस्तावित शैलुङ अस्पताल ),शैलुङ-३,बजेट(२ करोड समपुरक अनुदान संघ) ठेक्का सम्झौता रकम रु.१,४५,२९,६२५.६४

(घ) सिचाई(१)

१. ओखरबोट काटाकुटी सिचाई आयोजना ,शैलुङ-५,बजेट(८० लख) ठेक्का कबोल रकम रु.४४,६७,०६३.८८ (सम्झौता बाँकी)

(ङ) पर्यटकीय पूर्वाधार योजना (१)

१.शैलुङ पर्यटकीय पूर्वाधार एकीकृत विकास योजना,शैलुङ-१,बजेट (९० लाख) ठेक्का सम्झौता रकम रु.५१,९२,७१६.११ लगायतको विभिन्न निर्माण कार्य गरि जम्मा १४ ओटा ठेक्का लगाउने कार्य सम्पन्न भईसकेको छ जस मध्ये ९ ओटा ठेक्का सम्झौता भई कार्यन्वयन को चरणमा रहेको छ ,२ ओटा ठेक्का सम्झौताको चरणमा रहेको छ ,२ ओटा खानेपानीको क्रमागत योजना रहेको छ, १ ओटा सडक सम्वन्धि योजनाको कार्य सम्पन्न भई मूल्यांकनको चरणमा रहेको छ।

- NCB Goods अन्तर्गत १ ओटा ठेक्का (जाली खरिद) बजेट (३० लाख) ठेक्का कबोल रकम रु.२२,०६,७२०.५० सम्झौताको तयारीमा रहेको छ।

(च) Sealed Quotation works:

१. नुनथला पाडेखानि सडक,शैलुङ-८,बजेट(१६लाख) ठेक्का सम्झौता रकम रु.८,०१,६९१.७५

२. भैसे मनागाउँ सडक ,शैलुङ-८,बजेट (१० लाख ५० हजार ) ठेक्का सम्झौता रकम रु.५,४८,७९८.००

३. शैलुन्गेश्वोरी आ.वि भौतिक व्यवस्थापन,शैलुङ-८,बजेट(१० लाख ५० हजार ) ठेक्का सम्झौता रकम रु.६,५०,९७२.६१

४. थालेडाडा भदौरे सडक ,शैलुङ-८ ,बजेट ( १० लाख ५० हजार) ठेक्का सम्झौता रकम रु.५,८०,६१५.४१

५. आहाले पिपलडाडा सडक,शैलुङ -४,बजेट (१० लाख ५० हजार ) ठेक्का सम्झौता रकम रु.९,४५,९८५.०९

६. दुर्गा मा.वि होस्टेल घरबार तथा सिढी निर्माण,शैलुङ-४,बजेट (१० लाख ५० हजार ) ठेक्का सम्झौता रकम रु.६,५१,०७९.९५

७. लामाघ्यंग गोचेत हिले सडक,शैलुङ-३ ,बजेट (१० लाख ५० हजार ) ठेक्का सम्झौता रकम रु.५,१७,१८५.६८

८. ओखरबोट हिले हेल्थपोस्ट सडक,शैलुङ-६,बजेट (१५ लाख) ठेक्का सम्झौता रकम रु.८,२०,२५७.०८

९. प्वारटोल घ्यांगडाडा सडक ,शैलुङ-५, बजेट (१० लाख १ हजार) ठेक्का सम्झौता रकम रु.५,९२,९३५.८०

१०. लप्टनटोल थापागाउँ सडक,शैलुङ -५, बजेट( १० लाख १ हजार) ठेक्का सम्झौता रकम रु.५,९२,९३५.८०

११. रंगशाला छहरे सडक ,शैलुङ-५,बजेट (१० लाख १ हजार ) ठेक्का कबोल अंक रकम रु.८,७४,२३८.००

१२. गोम्सिवा ठेगालाघिउ सडक ,शैलुङ-१ ,बजेट (१० लाख ५० हजार) ठेक्का कबोल तथा सम्झौता रकम रु.८,१४,०७९.६०

१३. कल्लावारी मा.वि घेराबार,शैलुङ-१ ,बजेट (१० लाख ५० हजार ) ठेक्का कबोल तथा सम्झौता रकम रु.८,१४,२५७.६०

१४. ढुंगे सासिम ताम्चेत सडक,शैलुङ-१,बजेट (१० लाख ५० हजार) ठेक्का कबोल तथा सम्झौता रकम रु.६,३४,१३७.४०

१५. मानेडाडा वडा कार्यालय घले गाउँ सडक,शैलुङ-७ ,बजेट(१२ लाख) ठेक्का कबोल तथा सम्झौता रकम रु.७,५०,४७१.३६

१६. सागुते मा.वि घेरबार,शैलुङ-७,बजेट(१० लाख १ हजार) ठेक्का कबोल तथा सम्झौता रकम रु.९,१७,१०३.९८

१७. नविन मा.वि भौतिक व्यवस्थापन,शैलुङ-२ ,बजेट(१० लाख ५० हजार) ठेक्का कबोल तथा सम्झौता रकम रु.९,१७,१०३.९८

१८. सान्चेत सामुदायिक भवन निर्माण,शैलुङ-२, बजेट(१० लाख १ हजार) ठेक्का सम्झौता रकम रु.६,९३,०४०.२४

१९. बोटले सामुदायिक भवन निर्माण,शैलुङ-३,बजेट (१० लाख ५० हजार) ठेक्का कबोल तथा सम्झौता रकम रु.६,७१,३०६.९५ अन्तर्गत १९ ओटा निर्माण कार्यको ठेक्का लगाएकोमा १० ओटा योजना सम्झौता भई कार्यन्वयन को चरणमा रहेको छ, जस मध्ये ३ ओटा कार्य सम्पन्न भई भुक्तानीको लागि सिफारिस भएको छ भने ९ ओटा योजनाहरू ठेक्का कबोल गरि सम्झौताको तयारीमा रहेको छ।

- यस आ.व मा १० लाख भन्दा माथिको सबै निर्माण संग सम्वन्धित योजनाहरु E-bid मार्फत ठेक्का आव्हान गरिएको छ।

- परामर्श तथा सेवा अन्तर्गत सडक,खानेपानी,पार्क तथा गुम्बा गरि ४ ओटा प्याकेज बनाई राष्ट्रिय स्तरमा सूचना आव्हान गरिएको छ।
